annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १४८, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ९ असोज २०८३ | भाद्र शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४६ | FRIDAY, SEPTEMBER 25, 2026 | मूल्य : रु. १०

११ वर्षपछि विद्याको ‘कमब्याक’

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्किएकी छन्। ललितपुरमा सम्पन्न केन्द्रीय कमिटी बैठकले अध्यक्ष केपी शर्मा ओलीको प्रस्तावमा विधानको धारा १३ प्रयोग गर्दै भण्डारीलाई अध्यक्षपछिको वरीयतामा ‘सम्मानित वरिष्ठ नेता’ मनोनीत गरेको छ। भण्डारीको पुनरागमनले एमालेभित्र सांगठनिक सुदृढीकरण र आन्तरिक शक्ति सन्तुलनमा फरक पार्ने अनुमान गरिएको छ।

सुरेन्द्र काफ्ले / शेखर अधिकारी | *काठमाडौं*

समाचार पृष्ठ २

राष्ट्रसंघ महासभा

नेपालको बाढी प्राथमिकतामा

सुरज भण्डारी | *अमेरिका*

नेपालको बाढीको विषय अहिले एउटा राष्ट्रिय विपद्को सीमाभन्दा बाहिर गएर विश्वव्यापी जलवायु संकट र जलवायु न्यायको मुद्दाका रूपमा प्रस्तुत हुन थालेको छ।

नेपालमा गत महिना भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा पहिरोको विषयले अन्तर्राष्ट्रिय समुदायको ध्यान खिचेको छ। यस घटनाले जलवायु परिवर्तनको मुद्दालाई गम्भीरतापूर्वक लिन अन्तर्राष्ट्रिय समुदायमाथि दबाबसमेत सिर्जना गरेको छ। नेपालको पछिल्लो बाढीको विषय अहिले एउटा राष्ट्रिय विपद्को सीमाभन्दा बाहिर गएर विश्वव्यापी जलवायु संकट र जलवायु न्यायको मुद्दाका रूपमा प्रस्तुत हुन थालेको छ।

नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्नो अवस्था प्रस्तुत गर्दै जलवायु परिवर्तनका कारण हुने क्षति सम्बोधन गर्न न्यायोचित सहयोग, पर्याप्त वित्त तथा दीर्घकालीन साझेदारीको आवश्यकता औंल्याइरहेको छ।

लाङटाङ-लिरुङ हिमशृंखलाअन्तर्गत पर्ने भोटेकोशी नदीको उद्गमस्थलमा रहेको हिमचट्टान खस्दा चीनतर्फको लेन्दे खोला थुनिएको र पानीको अत्यधिक बहावपछि एक्कासि बाँध फुट्दा भोटेकोशीमा बाढी तथा पहिरो आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। यसबाट नेपालमा ठूलो जनधनको क्षति भएको छ। चीनतर्फ पनि मानवीय तथा भौतिक क्षति भएको छ।

हिमचट्टान खस्नु, हिमशृंखलाहरू पग्लिँदै जानु तथा हिमतालहरू फुट्ने अवस्था सिर्जना हुनुमा जलवायु परिवर्तन प्रमुख कारक रहेको विषय फेरि एकपटक चर्चामा आएको छ। जलवायु परिवर्तनका लागि औद्योगिकीकरणबाट सम्पन्न र शक्तिशाली बनेका देशहरू जिम्मेवार रहेको विषय पनि अन्तर्राष्ट्रिय मञ्चमा उठाइएको छ। पृथ्वीको तापक्रम वृद्धिमा बढी योगदान गरेका देशहरूका कारण सिर्जित यस्ता विपद्बाट विकासोन्मुख तथा हिमशृंखलाको काखमा रहेका देशहरूले बढी समस्या भोग्नु परेको भन्दै अन्तर्राष्ट्रिय मञ्चमा आवाज उठेको छ।

नेपालमात्र होइन, जलवायु परिवर्तनका कारण समस्यामा परिरहेका अन्य देशहरूको अवस्थाका सन्दर्भमा पनि गम्भीरतापूर्वक सोच्न अन्तर्राष्ट्रिय मञ्चमार्फत आह्वान गरिएको छ।

नेपालको पछिल्लो बाढी अब केवल एउटा प्राकृतिक विपद्को विषयमा सीमित रहेको छैन। नेपालले यसलाई जलवायु परिवर्तन, जलवायु न्याय तथा विकासशील र हिमाली मुलुकहरूले भोगिरहेको बढ्दो जोखिमसँग जोडेर अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गरिरहेको छ।

प्रधानमन्त्रीका रूपमा पहिलोपटक नेपालबाहिरको भ्रमणमा रहेका प्रधानमन्त्री वालेन्द्र शाह अहिले अमेरिकामा छन्।

» बाँकी पृष्ठ ६

विज्ञ मत

कति सम्भव छ जलवायु न्याय ?

जलवायु न्यायका लागि अन्नपूर्ण

डा. अतीन्द्र दाहाल

भोटेकोशीमा आएको प्रलयकारी बाढीकृत विपत्तिपछि ‘जलवायु न्याय र क्षतिपूर्ति’ जस्ता शब्दावलीले पछिल्लो एक महिनादेखि अधिकांश समाचारका हेडलाइनहरू लगभग नियन्त्रित बनेका छन्। सामाजिक सञ्जालका टाइमलाइन तथा फिडहरू अनि अन्य कुनै प्रकारका सार्वजनिक बहसहरू समेत यसै विषयको सेरोफेरोमा केन्द्रित देखिन्छन्। विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा देशका तर्फबाट सहभागी प्रतिनिधिहरूले यस विषयलाई लिएर आवाज बुलन्द गर्ने स्तुत्य अभ्यास पनि भएको छ। प्रधानमन्त्री स्वयं संयुक्त राष्ट्रसंघको महासभामा सम्बोधन गर्न जाने तय पनि यही कारण नै भएको हो। बाढीले केवल व्यक्तिहरू, संरचना तथा सम्पत्तिमात्र नोक्सानी गरेको होइन। त्यस क्षेत्रको जीवनप्रणाली, सामाजिक सोच, सामूहिक आत्मविश्वास, अर्थसामाजिक पर्यावरण, सम्भावनाको मनोविज्ञान तथा भावना अनि यसका अन्तरघुलित सहसम्बन्धहरूको विनाश अन्य कुनै क्षतिभन्दा अथाहा बढी घनत्वको छ।

सायद यो तहको भीमकाय र गम्भीर क्षति अन्य प्रकोपहरूमा कमै थियो। महसुस गर्न सकिन्छ, मापन गर्न सायद सम्भव छैन। यस्तो आघात अनि विनाश जो हामी भोगिरहेका छौं, त्यसमा हाम्रो कुनै कसुर थिएन र छैन।

» बाँकी पृष्ठ ६

देशैभर ‘रेड अलर्ट’

भीषण वर्षासँगै बाढी र पहिरोको उच्च जोखिम

शिवप्रसाद ढुंगाना | *काठमाडौं*

बंगालको खाडी र अण्डमान सागर क्षेत्रमा विकसित शक्तिशाली न्यूनचापीय प्रणालीको असरले बिहीबार बिहानदेखि नै भारी वर्षा भइरहेको छ। विगत २४ घण्टामा लुम्बिनी र गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूमा भारी वर्षा भएको हो।

बिहीबार दिनभरि र रातिसमेत देशका अधिकांश भूभागमा सामान्यदेखि भारी वर्षा भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार सबैभन्दा बढी पाल्पाको गल्ज्याङगढीमा १ सय ५५ मिलिमिटर वर्षा मापन गरिएको छ भने रूपन्देहीको भगवानपुरमा १ सय ५३, कपिलवस्तु र अर्घाखाँचीमा १ सय ४५, दाङको कोइलावासमा १ सय २ तथा तनहुँ र स्याङ्जामा करिब १०० मिलिमिटर वर्षा भएको छ।

मनसुनी वायुका साथै भारतको ओडिसा र आन्ध्र प्रदेश तटपार गरी उत्तर-पश्चिम सर्दै गरेको गहिरो न्यूनचापीय प्रणालीको प्रभावले देशका धेरैजसो भूभागमा वर्षा भएको हो। यसैगरी लुम्बिनी, गण्डकी, बागमती र कोशी प्रदेशका धेरै भागहरूमा भारी वर्षा भएको छ। मौसम विज्ञान विभागका हाइड्रोलोजिस्ट इन्जिनियर सचित कर्माचार्यका अनुसार दिनभरिको मोडल हेर्दा आगामी २४ घण्टामा पनि पानीको प्रकृति यस्तै रहने देखिन्छ। लुम्बिनीका तराई क्षेत्र खासगरी पाल्पा र कपिलवस्तुमा भारी वर्षाको सम्भावना छ।



राजधानीलगायत क्षेत्रमा भने बिहीबारकै प्रकृतिको वर्षा हुने अनुमान छ। यद्यपि नदी किनारमा सतर्कता अपनाउनुपर्ने उनले बताए।

गहिरो न्यूनचापीय प्रणाली र मनसुनी वायुका कारण देशैभर, विशेषगरी लुम्बिनी र गण्डकी प्रदेशका साना-ठूला नदीहरूमा बाढी आउने तथा जलसतह खतराको तहसम्म पुग्ने उच्च जोखिम रहेको छ। शुक्रबार र शनिबार राति भारीदेखि अति भारी वर्षाको पूर्वानुमान रहेकाले नारायणी, पश्चिम राप्ती, बबई, काठमाडौं उपत्यकाका खोलाहरूलगायत नदी तटीय तथा भिरालो जमिन आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन विभागले अपिल गरेको छ।

राजमार्गमा आवागमनमा कडाइ

सम्भावित बाढी-पहिरोको जोखिम घटाउन स्थानीय प्रशासनहरूले पूर्वसावधानी अपनाउन सूचना जारी गरेका छन्। कास्की, दाङ, इलामलगायतका जिल्लाहरूमा साँझदेखि बिहानसम्मका लागि रात्रिकालीन सवारीसाधन सञ्चालनमा पूर्ण रोक लगाइएको छ। कान्ति लोकपथ पहिरोका कारण अवरुद्ध भइसकेको छ भने नारायणगढ-मुग्लिन सडक खण्ड तथा अन्य पहाडी राजमार्गमा अत्यावश्यकबाहेक यात्रा नगर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अनुरोध गरेको छ।

अघिल्लो महिना भोटेकोशी र त्रिशूली क्षेत्रमा आएको बाढीका कारण कमजोर बनेको पहाडी भूगोलमा थोरै पानी पर्दा पनि ठूलो गेग्रान बहाव बग्ने खतरा छ। जोखिम क्षेत्रका बालबालिकालाई जोगाउन काभ्रे, मकवानपुर, गुल्मी, खोटाङ र नवलपरासीलगायतका दर्जनौं स्थानीय तहले दुई दिनका लागि विद्यालयहरूमा सार्वजनिक बिदा दिएका छन्। प्रतिकूल मौसमकै कारण विभिन्न दलका अधिवेशनहरूसमेत स्थगित गरिएका छन्।

कहाँ कहाँ पर्न सक्छन् डुबानमा ?

मौसमविद्हरूका अनुसार, काठमाडौं उपत्यका जस्ता सहरी क्षेत्रमा ५० देखि ८० मिलिमिटर वर्षा हुँदा नै कंक्रिटका संरचना र कमजोर ढल निकास प्रणालीका कारण धोबीखोला, मनहरा र नक्खु कोरिडोर आसपासका भूभाग डुबानमा पर्न सक्छन्।

» बाँकी पृष्ठ ६